राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८२/०१/३१ गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८२/०१/३० गते
प्रस्तावहरुः

१. कानून निर्माण सम्बन्धमा।
२. नेपाल विद्युत प्राधिकरणलाई पत्राचार गर्ने सम्बन्धमा।
३. साप्टे सिचाई योजनाको क्षति भएको निर्माण कार्य गराउने सम्बन्धमा ।
४. ६ नं. वडा कार्यालयको फिल्ड फिलिङ कार्य गराउने सम्बन्धमा।
५. विविध ।

निर्णय हुनु पर्ने व्यहोराः

१. गाउँपालिकाको आवश्यकता अनुसार देहायका कानून अध्यावधिक/स्वीकृत गर्नुपर्ने ।
   क. राजपुर गाउँपालिकाको भवन निर्माण तथा बस्ती विकास मापदण्ड २०७८ लाई अध्यावधिक गर्ने
   ख. जलश्रोत उपयोग सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने
२. चालु आ.ब. २०८१/०८२ मा कार्यान्वियन हुने गरी गाउँसभाबाट स्वीकृत विद्युतिकरण सम्वन्धी योजना अन्तरगत वडा नं. १ कठवेरुवा र बनकट्टी एरियामा (LT Line Construction, Rehabilitation and Phase Thap Work) विद्युतिकरण सम्वन्धी कार्यको नेपाल विद्युत प्राधिकरण लमही वितरण केन्द्रबाट लागत अनुमान तयार भई आए बमोजिम उक्त वितरण केन्द्रलाई कार्य सम्पन्न गर्न पेश्की फछ्र्यौट गर्ने गरी हाललाई पेश्की उपलब्ध गराउनु पर्ने।
३. आ.व. २०८०/०८१ मा कार्यान्वियन हुनेगरी संघीय विशेष अनुदान तर्फ स्वीकृत वडा नं. १ को साप्टे सिंचाई कूलो निर्माण टे.नं. 02/RRM/DANG/NCB/w080/081 को निर्माण कार्यको लागि कार्की-शाक्षी-वसुन्धरा जे.भी. नेपालगंज-९, बाँकेसँग सम्झौता भई निर्माण कार्य गराइएकोमा वर्षातको समयमा गुरुङखोलामा आएको बाढीका कारण खोलाको किनारा तल देखि कटान हुन गएकोले निर्माण भएको कुलो मध्ये १२ मिटर भत्कन गएको र उक्त भत्किएको स्थानमा खोलाको लेबल देखिनै स्ट्रक्चर उटाइ सिंचाई कूलो मर्मत गर्नुपर्ने देखिएकाले निज निर्माण व्यवसायीले गरेको कार्यको परिमाण बराबरको कार्य कार्यालयबाट निर्माण गर्न लगाई निजको धरौटी रकमबाट कट्टी गरी भुक्तानी गर्नुपर्ने र थप कार्य गर्नुपर्ने परिमाण कार्यालयबाट गराई चालु आ.व. को सही योजनाको बचत भएको रकमबाट भूक्तानी दिनु पर्ने।

४. विगत आ.व. देखि निर्माण कार्य भई चालू आ.व.मा निर्माण सम्पन्न भएको वडा नं. ६ को वडा कार्यालय भवनको फिल्ड फिलिङ्ग कार्य ठेक्का संझौतामा जम्मा परिमाण २२७७.१० घनमिटर रहेकोमा उक्त परिमाणले सो फिल्डको फिलिङ होचो हुन गएकोले वर्षातमा पानी जम्ने समस्या भएकोहुँदा वडा समितिको निर्णय बमोजिम करिव २ फिट उचाई थप गरी फिलिङ्ग गर्नुपर्ने भनि आएकोले सोही बमोजिम लागत अनुमान तयार गरी उक्त कार्य गराउने र चालु आ.व.का लागि गाउँसभाबाट स्वीकृत वडा कार्यालय तथा एकिकृत सेवा केन्द्र भवन निर्माण तथा संचालन कार्यक्रमबाट भूक्तानी दिनुपर्ने ।

५. अन्य निर्णयहरु

निर्णयहरुः

१. गाउँपालिकाको आवश्यकता अनुसार देहायका कानून अध्यावधिक/स्वीकृत गर्ने ।
   क. राजपुर गाउँपालिकाको भवन निर्माण तथा वस्ती विकास मापदण्ड २०७८ लाई अध्यावधिक गर्ने
   ख. जलश्रोत उपयोग सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने

२. चालु आ.ब. २०८१/०८२ मा कार्यान्वयन हुने गरी गाउँसभाबाट स्वीकृत विद्युतिकरण सम्वन्धी योजना अन्तरगत वडा नं. १ कठवेरुवा र बनकट्टी एरियामा (LT Line Construction, Rehabilitation and Phase Thap Work) विद्युतिकरण सम्वन्धी कार्यको नेपाल विद्युत प्राधिकरण लमही वितरण केन्द्रबाट लागत अनुमान तयार भई आए बमोजिम उक्त वितरण केन्द्रलाई कार्य सम्पन्न गर्न पेश्की फछ्र्यौट गर्ने गरी हाललाई पेश्की उपलब्ध गराउने।

३. आ.व. २०८०/०८१ मा कार्यान्वयन हुनेगरी संघीय विशेष अनुदान तर्फ स्वीकृत वडा नं. १ को साप्टे सिंचाई कूलो निर्माण ठे.नं. 02/RRM/DANG/NCB/w080/081 को निर्माण कार्यको लागि कार्की-शाक्षी-बसुन्धरा जे.भी. नेपालगंज-९, बाँकेसँग सम्झौता भई निर्माण कार्य गराइएकोमा वर्षातको समयमा गुरुङखोलामा आएको बाढीका कारण खोलाको किनारा तल देखि कटान हुन गएकोले निर्माण भएको कुलो मध्ये १२ मिटर भत्कन गएको र उक्त भत्किएको स्थानमा खोलाको लेबल देखिनै स्ट्रक्चर उटाइ सिंचाई कूलो मर्मत गर्नुपर्ने देखिएकाले निज निर्माण व्यवसायीले गरेको कार्यको परिमाण बराबरको कार्य कार्यालयबाट निर्माण गर्न लगाई निजको धरौटी रकमबाट कट्टी गरी भुक्तानी गर्ने र थप कार्य गर्नुपर्ने परिमाण कार्यालयबाट गराई चालु आ.व. को सही योजनाको बचत भएको रकमबाट भूक्तानी गर्ने ।

४. विगत आ.व. देखि निर्माण कार्य भई चालू आ.व.मा निर्माण सम्पन्न भएको वडा नं. ६ को वडा कार्यालय भवनको फिल्ड फिलिङ्ग कार्य ठेक्का संझौतामा जम्मा परिमाण २२७७.१० घनमिटर रहेकोमा उक्त परिमाणले सो फिल्डको फिलिङ्ग होचो हुन गएकोले वर्षातमा पानी जम्ने समस्या भएकोहुँदा वडा समितिको निर्णय बमोजिम करिब २ फिट उचाई थप गरी फिलिङ्ग गर्नुपर्ने भनि आएकोले सोही बमोजिम लागत अनुमान तयार गरी उक्त कार्य गराउने र चालु आ.व.का लागि गाउँसभाबाट स्वीकृत वडा कार्यालय तथा एकिकृत सेवा केन्द्र भवन निर्माण तथा संचालन कार्यक्रमबाट भूक्तानी दिने ।

५. विविध

क. राजपुर गाउँपालिकाको शिक्षा समितिको मिति २०८१/०३/१८ गतेको बैठकको निर्णय बमोजिम SEE ग्रेड बृद्धि परीक्षा २०८० को लागि विभिन्न विषयको तयारीका लागि अतिरिक्त कक्षा संचालन गरे बापत जनज्योति माध्यमिक विद्यालय, राजपुर-२ को च.नं. ४४ मिति २०८१/८/२ गतेको माग फाराम बमोजिम विद्यालयका नीजि स्रोत शून्य दरवन्दी शिक्षक तलब, प्रशासनिक खर्च, सहयोगी कार्यकर्ता, लेखापाल तथा कार्यालय सहयोगी प्रोत्साहन खर्च तथा विद्यालय सञ्चालन खर्च शिर्षकबाट रु. ८०,०००/- भूक्तानी दिने ।

ख. राजपुर गाउपालिका वडा नं. ३ अन्तरगत खरदरिया घाट क्षेत्रमा लमही नगरपालिकाले नदिजन्य पदार्थको ठेक्का लगाई अत्याधिक मात्रामा दोहन गरिरहेको हुनाले उक्त कार्य तत्काल बन्द गर्नको लागि लमही नगरपालिकालाई अनुरोध गर्ने र सो कार्यमा सहयोगको लागि जिल्ला अनुगमन समितिलाई समेत पत्राचार गर्ने ।

CamScanner